# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०८०/०८१ प्रशासन शाखा
च.नं. १५१६

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

मिति : २०८०/१०/२२

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका,
शाखा/उपशाखा प्रमुखज्यूहरु,
वडा कार्यालय/वडा सचिवज्यूहरु,
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०८० पुष २८ गते शनिबार बसेको आ.व. २०८०/०८१ को एघारौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान १ (एक) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँसँग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

...................................
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
(रमेश सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति २०८०/०९/२८ गते बैठक संख्या : २०८०/८१-११ समय : दिउसो २:०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती

स्थान : मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सभाहल लामिटार।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोटे | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई वरिष्ठ लेखा अधिकृत

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०८० पौष २८ गते बसेको गाउँ कार्यपालिकाको दशौँ बैठकको प्रस्तावका विषयहरु :

१. गाउँ सभा कार्यसूची सम्बन्धमा ।

२. करार कर्मचारी म्याद थप सम्बन्धमा ।

३. ब्याक हो लोडर संचालन कार्यविधि संशोधन सम्बन्धमा ।

४. विपद् व्यवस्थापन कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/०९/२९ गते आवह्वन भएकाले गाउँसभाको १४ औ अधिवेशनमा प्रस्तुत हुने देहाय बमोजिमको कार्यसूचि माथि छलफल गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिका वा अन्तर्गतका निकायमा कार्यरत कार्यक्रमगत कर्मचारी- १६ जना, गाउँपालिका वा अन्तर्गतका निकायमा कार्यरत कर्मचारी- ३४ जना, नगर प्रहरी १० जना कर संकलक १६ जना स्वास्थ्य तर्फ ३६ जना गरी ११४ जना कर्मचारीहरुको करार सम्झौता २०८१ साल अषाढ मसान्त सम्मको लागि सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को प्रथम संशोधन २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ७ स्थित ब्रम्हकाली आधारभुत विद्यालयले अतिरिक्त कक्षा संचालन भईरहेको र सो स्थान वरपर जंगली हात्तीले दु:ख दिईरहेकाले विद्यालय वररिपरिका ३० वटा पोलहरुमा वत्ती तथा सोका लागि आवश्यक सामाग्रीहरु मागका लागि वडा कार्यालयको सिफारिस सहित रु २,००,४२४.११ को लागत अनुमान पेश गरेकाले सो कार्यका लागि गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु २ (दुई) लाख रकम उपलब्ध गराउने निर्णय गरियो । साथै वडा नं. ७ स्थित रमौली, बिजौना र ड्याम साईटमा जंगली हात्तीको आतंकको कारण जनजीवन अत्यन्त कष्टपूर्ण भएकाले सडक पोलहरुमा वत्ती जडानका लागि वडाको च.नं. १५०२ मिति २०८०/०६/२६ को पत्रानुसार रु ८,४२,६०० को लागत अनुमान सहित अनुरोध गरेकाले उल्लेखित लागत अनुमान अनुसार आवश्यक सामाग्रीहरु वडा कार्यालय मार्फत गरी जडान गराउने र उक्त कार्यका लागि गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट सो लागत अनुमानमा नबढ्ने गरि रकम उपलब्ध गराउने निर्णय गरियो । साथै सम्भावित विपद्जन्य न्यूनिकरण गर्न विपद् व्यवस्थापन शिर्षकबाट ह्युमपाईप खरिद गर्न रु ३,००,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

उपरोक्त प्रस्तावहरु उपर सर्वसम्मत निर्णय गरियो ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ...., मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष